नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय

बर्दिबास,महोत्तरी

फोन नः- ०४४-५५०४६९
फ्याक्स नः- ०४४-५५०४६९
e-mail :iro-bardibas@ird.gov.n

प. सः- २०८३/०८४ मितिः-२०८३/०५/०९
च. न.- ५६७

**सूचना! सूचना!! सूचना!!!**

यो जो जस सँग सम्बन्ध राख्दछ।

**विषयः- पुनः सुरक्षा सम्बन्धी सेवा प्रदान गर्ने शिलबन्दी कोटेशन पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कार्यालयलाई आवश्यक रहेको सुरक्षा सम्बन्धी सेवा प्रदान गर्ने जनशक्ति संख्या १ (एक) का लागि गर्न शिलबन्दी कोटेशन पेश गर्नुहुन अनुरोध गरेकोमा कुनै पनि फर्म/संस्थाबाट शिलबन्दी कोटेशन पेश हुन नआएकोमा पुनः आवश्यक योग्यता भएका देहाय बमोजिमका शर्तको पालना हुने गरी आवश्यक कागजात (करचुक्ता प्रमाणपत्र, प्रारम्भिक दर्ता प्रमाणपत्र, स्था.ले.नं. लिएको प्रमाणपत्र, सेवा प्रदान न्यूनतम मासिक शुल्क कबोलपत्र, स्वःघोषणा पत्र) सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा शिलबन्दी कोटेशन पेश गर्नुहुन अनुरोध छ।

शर्तहरुः

१. सुरक्षा सम्बन्धी सेवा प्रदान गर्ने फर्म/संस्था ले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र शिलबन्दी कोटेशन यस कार्यालयमा पेश गर्नुपर्नेछ।
२. यस कार्यालयमा पेश हुन आएको शिलबन्दी कोटेशन सूचना प्रकाशन भएको मितिले ८ औं दिन बिहान १०:०० (दश) बजे यस कार्यालयको कार्यालय प्रमुखको कक्षमा सम्बन्धित फर्म/संस्था, कर्मचारी र आवश्यक आमन्त्रित कार्यालय/कर्मचारी/व्यक्तिहरुको रोहबरमा खोलिने छ।
३. शिलबन्दी कोटेशन खोलिदा सबैभन्दा न्यूनतम शुल्कमा सुरक्षा सेवा प्रदान गर्न कबोल गरेका फर्मको शिलबन्दी कोटेशन स्वीकृत गरिने छ।
४. शिलबन्दी कोटेशन स्वीकृत भएका फर्म/संस्था ले यस कार्यालयलाई सुरक्षा प्रदान गर्ने आवश्यक संख्या १ (एक) जनशक्ति उपलब्ध गराउनुपर्ने छ।
५. स्वीकृत फर्म/संस्थाले यस कार्यालयलाई प्रत्येक दिन सुरक्षा सम्बन्धी सेवा प्रदान गर्ने जनशक्ति उपलब्ध गराउनुपर्ने छ।
६. स्वीकृत फर्म/संस्थाले कबोल गरेको शुल्कमा नियमानुसार कर कट्टा गरी मात्र यस कार्यालयले भुक्तानी दिनेछ।

बोधार्थः

१.श्री जिल्ला प्रशासन कार्यालय महोत्तरी, जलेश्वर।
२.श्री कोष तथा लेखा नियन्त्रक कार्यालय महोत्तरी, जलेश्वर।
३.श्री ईलाका प्रशासन कार्यालय, बर्दिवास, महोत्तरी।

२०८३/०५/०९
(सुन्दर श्याम ठाकुर)
कार्यालय प्रमुख